**बैठक संख्या : २२८ मिति : २०७८/१/०२ समय : विहान ११:३० बजे**

**निर्णय :**

समितिको आजको बैठकमा कारागार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र वेवारिसे वा पहिचान खुल्न नसकेका शव व्यवस्थापनका सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमको निर्णय भयो :-

१. कारागार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सम्बन्धी प्रतिवेदनमाथि केही संशोधन गरी सर्वसम्मतीले पारित गर्ने निर्णय भयो र प्रतिनिधि सभा नियमावली २०७५ को नियम १२० बमोजिमको प्रतिवेदन सभामा पेश गर्ने निर्णय भयो।

२. हाल अस्पतालमा रहेका वेवारिसे वा पहिचान खुल्न नसकेका शवहरुको प्रष्ट मुखाकृति देखिने फोटो एवम् हुलियासहितको अभिलेख/विवरण नेपाल प्रहरीको वेवसाइटको Unidentified Dead Bodies नामक Icon मार्फत सार्वजनिक गरिदै आएकोमा अव उप्रान्त अस्पतालमा रहेका प्रत्येक वेवारिसे शव वा पहिचान खुल्न नसकेका शवहरुको विस्तृत विवरणसहित छुट्टै वेवपेज वा डोमेन निर्माण गरी सञ्चारका विभिन्न माध्यम तथा सामाजिक सञ्जालहरुबाट शीघ्र सूचना सम्प्रेषण गरी हरेक शवको वायोमेट्रिक औंठाछाप र डी.एन्. ए. नमुना संकलन भएको एकीन भएपछि मात्र शव व्यवस्थापन गर्ने व्यवस्था मिलाउने,

३. वेवारिसे शव सम्बन्धी जिल्लास्थित जिल्ला सरकारी वकिल कार्यालय,जिल्ला अस्पताल र नेपाल प्रहरीको वेवसाइटबाट प्राप्त तथ्यांकहरु फरक फरक हुने गरेकाले ती निकायहरुबीच समन्वय गरी एउटै तथ्यांक आउने व्यवस्था मिलाउने,

४. पहिचान नखुलेका वेवारिसे शव व्यवस्थापन गर्न आवश्यक "वेवारिसे शव व्यवस्थापन निर्देशिका" यथाशिघ्र निर्माण गरी कार्यान्वयनमा ल्याउने,

५. जघन्य अपराध तथा फौजदारी कसुरजन्य घटनाको वेवारिसे वा पहिचान नखुलेका शवहरुको कम्तिमा २० वर्ष अभिलेख रहने व्यवस्था मिलाउने,

६. राष्ट्रिय परिचय पत्र वितरण कार्यलाई यथाशिघ्र सम्पन्न गरी वायोमेट्रिक प्रणाली (औंठाछाप एवम् आइरिश) को माध्यमबाट पहिचान नखुलेका वेवारिसे शवहरुको संख्या शून्यमा झार्ने ।